संविधानमा हाम्रो सरोकार

Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples
LAHURNIP
1995
Kathmandu, Nepal

IWGIA

२ संघीय संरचना र शासकीय स्वरूपमा आदिवासी जनजातिको अधिकारको सुनिश्चितता

९ संविधानमा मौलिक अधिकारः आदिवासी जनजातिका सरोकार

# हाम्रो भन्नु

राज्य पुनर्संरचना अर्थात् संघीय संरचना, शासकीय स्वरूप, राज्यशक्तिको बाँडफाँड, निर्वाचन पद्धति, न्याय प्रणाली, मौलिक अधिकार आदि आदिवासी जनजातिका लागि विशेष सरोकारको विषयहरू हुन् । साथै यी विषयहरू संविधानसभाभित्र एकदमै विवादित विषयका रुपमा रहेका विषयहरूमध्येका केही विषयहरू पनि हुन् । आदिवासी जनजातिले विभिन्न आन्दोलनहरूमार्फत् पहिचानमा आधारित संघीय संरचना माग गर्दै आएका छन् । यस्को मतलव साधारण अर्थमा आफ्नो रोजाईमा आधारित स्वायत्तता र साझेदारी शासन हो । संघीय शासन अन्तर्गत संघ अर्थात् केन्द्र र प्रान्त वा राज्यबीच शक्तिको संवैधानिक बाँडफाँडको विषय हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाल संघीय शासन व्यवस्था लागू गर्ने उद्घोष गरेपश्चात् संविधानसभाद्वारा निर्माण हुन गइरहेको संघीय व्यवस्था यतिबेला एकदमै विवादित भएर आएको छ । त्यसकारण विभिन्न देशमा भएका अभ्यासहरू समेतलाई केलाई बहश र छलफल गर्न अति जरुरी भएको छ । त्यसैले नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ले देशलाई सुहाउँदो नवीनतम उपाय खोज्न र सहमतिमा पुग्न सहयोग पुगोस् भन्ने अपेक्षासहित आफ्नो प्रकाशन 'संविधानमा हाम्रो सरोकार' प्रकाशन गरेको हो । यो दोस्रो भागमा डा. श्री कृष्णबहादुर भट्टचनद्वारा तयार पारिएको 'संघीय र संरचना, शासकीय स्वरूपमा आदिवासी जनजातिको अधिकारको सुनिश्चितता' र डा. मुक्त सिंह तामाङद्वारा तयार पारिएको 'संविधानमा मौलिक अधिकार : आदिवासी जनजातिका सरोकार' विषयक अवधारणापत्रहरू समाविष्ट गरिएको छ । वहाँहरूले लाहुर्निपको आग्रहलाई स्वीकार गरी आफ्नो समयको व्यस्तताको बावजूद यी अवधारण लेखिदिनु भएकोमा संस्थाको तर्फबाट वहाँहरू दुवैजनालाई धन्यबाद ज्ञापन गरिन्छ ।

## संघीय संरचना र शासकीय स्वरूपमा

# आदिवासी जनजातिको अधिकारको सुनिश्चितता

राज्य पुनर्संरचना अर्थात् संघीय संरचना, शासकीय स्वरूप, राज्यशक्तिको बाँडफाँड, निर्वाचन पद्धति, न्याय प्रणालीआदिको सम्बन्धमा आदिवासी जनजातिको अधिकार, आदिवासी जनजातिले आन्दोलनमार्फत् अभिव्यक्त गरेको चाहना र नेपाल सरकारसँग बेलाबेलामा भएका सहमतिहरू, नेपालको संविधानमा आदिवासी जनजातिका बारेमा उल्लिखित प्रावधान, सर्वोच्च अदालतको फैसला, र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनको आधारमा प्रत्याभूत हुनुपर्दछ । संविधानमा अन्तरवस्तु के हुन्छ भन्ने कुरा संविधान निर्माणको प्रक्रिया के हुन्छ र प्रतिनिधित्व कसको र कस्तो हुन्छ भन्नेमा निर्भर हुन्छ । त्यसैले प्रक्रिया र प्रतिनिधित्व पनि ठीक हुनु पर्दछ ।

### आदिवासी जनजातिको अधिकार

समिति वा संविधानसभाले गरेका वा गर्ने सहमति र असहमति विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय कानूनका रूपमा मान्यता प्राप्त आदिवासी जनजातिको मानवअधिकारका आधारमा सहमति वा असहमति खुट्याउनुपर्ने हुन्छ। नेपाल पक्ष रहेको वा नेपालले सहमति जनाएको अन्तर्राष्ट्रिय कानून/प्रतिबद्धतालगायत निम्नलिखित छन्–

- आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७,
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, (१९८९),
- सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९६५,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६,
- सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६,
- जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ ।

अब बन्ने संविधानमा सुनिश्चित हुनुपर्ने उपर्युक्त अन्तर्राष्ट्रिय कानूनले प्रत्याभूत गरेका आदिवासी जनजातिका मुख्य अधिकार यस प्रकार छन्–

विशिष्ट र पृथक सामुहिक पहिचान : आदिवासी जनजातिलाई अरू जातजातिभन्दा पृथक सामुहिक पहिचान कायम राख्ने अधिकार छ।

सामुहिक अधिकार : आदिवासी जनजातिको अधिकारहरूमध्ये सबैभन्दा आधारभूत अधिकार विशिष्ट सामुहिक पहिचानको अधिकार र सामुहिक अधिकार हो । मानवअधिकार भनेको व्यक्तिगत र सामुहिक अधिकार दुवै हो । व्यक्तिगत अधिकार संसारका सबै व्यक्तिको नैसर्गिक अधिकार भएकाले अन्य जातजातिका व्यक्ति जस्तै– आदिवासी जनजाति व्यक्तिले पनि स्वतः पाउने अधिकार हो । आदिवासी जनजातिलाई आदिवासी जनजाति भएको नाताले सामुहिक अधिकार पनि छ । अन्य समूहको सामुहिक अधिकार र आदिवासी जनजातिको सामुहिक अधिकार फरक यस अर्थमा छ कि, आदिवासी जनजातिले पाउने सामुहिक अधिकार आदिवासी जनजातिको हैसियतले पाउने हो। यो भनेको आत्मनिर्णय, स्वायत्तता, स्वशासन, भूमी, भू-भाग र स्रोतमा स्वामित्व र नियन्त्रण, प्रथाजन्य कानून, र स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी, मातृभाषा, परम्परागत ज्ञान, शीप, परम्परागत शिक्षा, परम्परागत स्वास्थ्य, र आदिवासी महिलाको समान अधिकार आदि हुन् ।

### १. नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ को निम्नलिखित धाराको तत्काल प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सरकारले कार्यान्वयन गर्न नचाहेको देखिन्छ–

> धारा १३८. राज्यको अगग्रामी पुनर्संरचना :
> (१) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अगग्रामी पुनर्संरचना गरिने छ ।
>
> (१क) मधेशी जनतालगायत आदिवासी जनजाति र पीछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षूण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, संख्या, नाम र संरचनाका

अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा (६३) को उपधारा (३) को (ग) मा व्यवस्था भएको 'राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने 'छब्बीस जना सदस्य' को प्रावधानलाई कति आदिवासी जनजाति र कति राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू भन्ने स्पष्टता छैन । उच्च जातीय प्रभुत्वको विचार र सोंच बोक्ने सरकारले मनोमानी गर्ने स्थितिको अन्त्य हुनु पर्दछ ।

## २. सर्वोच्च अदालतको फैसला

क. सर्वोच्च अदालतको २०७० साल बैशाख ८ को फैसला :

विशेषगरी संविधानसभाको निर्वाचनका सम्बन्धमा सर्वोच्च अदालतले २०७० साल बैशाख ८ मा गरेको निर्देशनात्मक आदेशको तत्काल प्रभावकारी कार्यान्वयन निम्नानुसार हुनु जरूरी छ–

"... तर निवेदनमा उठाइएका संविधानसभामा हुनुपर्ने प्रतिनिधित्वसम्बन्धी प्रश्नहरू आगामी संविधानसभाको निर्वाचनको सन्दर्भमा समेत प्रासंगिक देखिएकोले अब गठन हुने संविधानसभामा आदिवासी/जनजातिलगायत सामाजिक रूपले पछाडि परेको एवं सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व के कसरी गर्दा सार्थक एवं प्रभावकारी हुन्छ, नेपालसमेत पक्ष रहेको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरूले प्रयोग गरी आएको स्थापित परम्परासमेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरूसँग छलफल, विचार विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधानसभामा संविधानले अंगीकार गरेको सिद्धान्त र भावनाअनुसार आदिवासी जनजातिलगायत सीमान्तकृत तथा पीछडिएको वर्गको सार्थक एवं प्रभावकारी प्रतितिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ र सो प्रयोजनका लागि संविधानसभाका सदस्य निर्वाचन ऐन, २०६४, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधानसभा नियमावली, २०६५ लगायतका कानूनहरूमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ सोको निमित्त आवश्यक पहल गर्नू भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेश कार्यान्वयनका लागि विपक्षीहरूलाई जानकारी दिनुका साथै आदेश कार्यान्वयन अनुगमनको लागि प्रस्तुत आदेशको एकप्रति फैसला कार्यान्वयन निर्देशनालयलाई समेत पठाई दायरीको लगत कट्टा गरी मिसील नियमानुसार बुझाई दिनू ।"

ख. सर्वोच्च अदालतको २०७१ साल बैशाख २९ को फैसला :

संविधानसभामा छब्बीस जना मनोनितका सम्बन्धमा सर्वोच्च अदालतबाट २०७१ साल बैशाख २९ गते भएको फैसला यस प्रकार छ–

"उपरोक्त विश्लेषणको आधारमा संविधानसभाको दोश्रो निर्वाचन भएको ६ महिना व्यतित भइसक्दा पनि अन्तरिम संविधानको धारा ६३ (३) को खण्ड (ग) बमोजिम राष्ट्रिय जीवनमा योगदान दिएका विशिष्ट व्यक्तिहरूमध्येबाट र निर्वाचनबाट समेत संविधानसभामा प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट मनोनित गर्नुपर्ने सदस्यहरूको मनोनयन नगरी अपूर्ण रूपमा संविधानसभाको कार्य सम्पादन गर्नु गराउनु संविधानसम्मत मान्नसकिने देखिँदैन । यस्तो स्थिति अब कुनै पनि बहानामा कुनै हदसम्म पनि लम्ब्याउन उचित देखिँदैन । तसर्थ संविधानको अधीनमा रही अब १५ दिनभित्र उक्त धाराबमोजिमको संवैधानिक दायित्व पूरा गरी मनोनयन गर्नु भनी विपक्षी मन्त्रिपरिषद्को नाउँमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत परमादेश जारी गरी पठाउने ठहर्छ ।

उक्त धारा ६३ (३) को खण्ड (ग) बमोजिम मनोनयनसम्बन्धी निर्णय गर्दा मनोनित हुने व्यक्तिले राष्ट्रिय जीवनमा के कुन क्षेत्रबाट के कस्तो विशिष्ट योगदान दिएको भई मनोनयन गरेको हो सोको आधार खुलाउनु सार्वजनिक प्रकृतिको र संवैधानिक निर्णयको लागि जरूरी देखिएकोले उपर्युक्त प्रक्रिया र शर्त पूरा नगरी मनोनयन नगर्नु नगराउनु र उक्त धारा तथा माथि विश्लेषण गरिएअनुसार ६३ (३) को खण्ड (ग) बमोजिम मनोनयन गर्दा उपधारा (३) को खण्ड (क) र (ख) अन्तर्गत निर्वाचनको प्रक्रियामा उम्मेदवार भई सामेल भइसकेको राजनैतिक दलसँग आबद्ध व्यक्तिबाहेकलाई तथा उपधारा (३) को खण्ड (क) र (ख) बमोजिम निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेको आदिवासी जनजातिमध्येबाट बाहेक अन्यलाई मनोनयन नगर्नु नगराउनु भनी विपक्षीको नाममा प्रतिषेधको आदेश जारी हुने ठहर्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा (६३) को उपधारा (३) को खण्ड (ग) अन्तर्गत मनोनित हुने सदस्यहरू उपरोक्त धाराको उपधारा (३) को खण्ड (क) र (ख) बमोजिम निर्वाचित भएको दलीय राजनीतिक प्रतिनिधिहरूभन्दा फरक र विशिष्ट भई स्वतन्त्र प्रकृतिको देखिएकोले निजहरूलाई संविधानसभाको बैठकहरूमा आफ्नो विवेकअनुसार काम गर्न दिनुपर्ने हुनाले तद्नुकूलको छुट्टै कार्यकक्ष वा बस्ने व्यवस्था मिलाउनु र सो प्रयोजनका लागि उपयुक्त रूपमा संविधानसभाको कार्य सञ्चालन विधिमा आवश्यकतानुसार सम्बोधन गर्नु वाञ्छनीय भएकोले आवश्यक व्यवस्थाका लागि संविधानसभा सचिवालयको ध्यानाकर्षण गराउन उपयुक्त देखिन्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीलगायत सम्बन्धित निकायलाई दिनु ।"

## ग. नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानून :

संविधानसभाको निर्वाचनपछिका सम्बन्धमा संविधान निर्माण प्रक्रियामा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानूनको व्यवस्था, सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि अनुगमन समितिले नेपाल सरकारलाई मार्च १३, २००९ मा पठाएको अग्रिम चेतावनी-पत्र र सेप्टेम्बर २८, २००९ मा पठाएको सोको अनुगमन-पत्र तथा आदिवासीको मानवअधिकार हेर्ने संयुक्त राष्ट्रसंघको विशेष समाधीक्षकले जुलाई २०, २००९ मा गरेको सिफारिशअनुरूप आदिवासीको स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीका लागि संविधानसभामा विषयगत समिति तथा अन्य उपयुक्त संयन्त्र स्थापना गरी आदिवासी/जनजातिहरूको अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै उक्त संयन्त्रमार्फत स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी कायम गरेर मात्रै आदिवासी/जनजातिसँग सम्बन्धित र आदिवासी/जनजातिलाई प्रभावित गर्ने संविधानका संवैधानिक सिद्धान्त, प्रस्तावना, धारा, उपधारा, अनुसूचीलगायतका सम्पूर्ण प्रावधान पारित गर्नुपर्दछ र आदिवासी/जनजातिको पहिचान तथा सामुहिक अधिकारको सम्बन्धमा छुट्टै प्रावधानहरूको व्यवस्था गरिनु पर्दछ । साथै, सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि अनुगमन समितिले संविधानसभामा आदिवासी/जनजातिको विषयगत समिति हुनुपर्ने र आदिवासी/जनजातिको परम्पराअनुसार आफूले चुनेका प्रतिनिधिमार्फत स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको संयन्त्र र प्रक्रिया तत्काल निर्माण गरी सुनिश्चित गर्नु पर्दछ ।

नेपाल पक्ष राज्य भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूमा आदिवासी तथा जनजातिहरूको अधिकार सम्बन्धको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ पनि एक हो । यस महासन्धिले सुनिश्चित गरेका आदिवासी जनजातिका अधिकारलाई अब बन्ने संविधानमा सुनिश्चित गर्नु नेपाल सरकार, नेपालका राजनैतिक दलहरू तथा राज्यको दायित्व हो । यसर्थ, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ लाई अब बन्ने संविधानमा लिपिबद्ध गरिनु पर्दछ ।

३. आदिवासी जनजातिका आन्दोलनसँग सम्बद्ध संघसंस्थासँग गरिएका सहमति

नेपाल सरकार र राजनैतिक दलहरूद्वारा नेपालका आदिवासी जनजातिका आन्दोलनसँग सम्बद्ध संघसंस्थासँग गरिएका सहमतिहरू राजनीतिक सहमतिका अंशहरू भएकोले दलहरू तथा सरकारद्वारा ती सहमतिहरू तत्काल कार्यान्वयन हुनुपर्नेमा कार्यान्वयन नगरिएको पाइन्छ ।

नेपाल सरकारसँग बेलाबेलामा भएका सहमतिहरू, नेपालको संविधानमा आदिवासी जनजातिका बारेमा उल्लिखित प्रावधान, सर्वोच्च अदालतको फैसला र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनको आधारमा प्रत्याभूत नभएको संविधान मान्न आदिवासी जनजातिहरू बाध्य हुने छैनन् । अधिकारविहीन संविधान लादिएको खण्डमा प्रतिरोध हुनेछ र त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार त्यस्तो संविधान बनाउनेहरू नै हुनेछन् ।

## संघीय संरचनासम्बन्धी व्यवस्था

संघको अर्थमध्ये सबैभन्दा महत्वपूर्ण अर्थ आफूले रोजेको (छनौटमा आधारित) स्वायत्तता र साझेदारी शासन हो । यसको अर्थ संघले स्वायत्त राष्ट्र-राज्यको सहमति नभइकन एकतर्फी रूपमा संविधान संशोधन गर्न नसक्ने भन्ने नै हो । संघको अन्य अर्थहरू पनि छन् । जस्तै, आफ्नो पहिचान कायम राखेर व्यक्ति, समूह, राजनीतिक दलहरूले सामुहिक लक्ष्य हासिल गर्ने, शक्ति र अधिकारको संवैधानिक बाँडफाँड, दुई तहको सरकारको व्यवस्था र प्रत्येक तहमा आफ्ना मतदाताहरूतर्फ प्रत्यक्ष रूपमा उत्तरदायी हुने, समान उद्देश्यको लागि संघमा मिलिजुली सरकार, विविधतामा एकता ल्याउन समस्या समाधानको माध्यम र साध्य, कार्यात्मक राजनीतिक व्यवस्था र राजनीति, संविधानद्वारा प्रणालीको व्यवस्था गरिएको न्यायपूर्ण र नैतिक व्यवस्था, र विभिन्न राज्यको समूहलाई एकीकृत गर्ने र एकीकृत राज्यलाई विकेन्द्रित गर्ने ।

आधुनिक संघको अवधारणा संयुक्त राज्य अमेरिकाले सन् १७८७ मा अमेरिकी संघीय संविधान निर्माण गरेदेखि प्रचलनमा आएको हो । सामान्यतः अहिलेसम्ममा संघको निम्न तीनवटा ढाँचा (मोडल) देखिएको छ, भनिन्छ । पहिलो अमेरिकी मोडल । दोस्रो, स्वीस मोडल । तेस्रो, क्यानडाली ।

विश्वमा स्वीट्जरल्याण्ड पहिलो राष्ट्र हो, जसले पहिलो पटक आदिवासी जनजाति र भाषिक विविधताका आधारमा आधुनिक संघीय राज्य निर्माण गरेको हो । तेस्रो, क्यानडाले संघलाई बहुसाँस्कृतिक समाजमा आधारित गर्दै संसदीय व्यवस्थालाई समेत मिलाउने काम गरेको हो । तर आदिवासी जनजातिको अधिकारको सुनिश्चितताको दृष्टिकोणबाट क्यानडा, ग्रिनल्याण्ड र बेल्जियमकोमोडलहरू बढी सान्दर्भिक देखिन्छ ।

आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ मा आदिवासी जनजातिको विशिष्ट र फरक सामुहिक पहिचान, आत्मनिर्णय, स्वायत्तता र स्वशासनको अधिकार प्रत्याभूत गरिएको छ । यसको व्यावहारिक प्रयोग मुखिया विल्टन लिटिल चाइल्ड र आन्द्रिया कार्मेनले उल्लेख गर्नुभएको क्यानडाको क्री आदिवासी जनजातिको अनुभव नेपालको थारू, लोबा, बाऱ्हगाउँले, मार्फाली, तीनगाउँले थकाली, थकालीलगायतका आदिवासी जनजातिले अझै पनि निरन्तरता दिएको पद्धतिजस्तो छ, जुन निम्नानुसार छ–

## नेपालमा संघीयताको आधार

पहिलो संविधानसभाले प्रमुख आधार पहिचानलाई मानेर पहिचानमा पनि जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रीय निरन्तरता र ऐतिहासिक निरन्तरता स्वीकार गरेको थियो । सहायक आधार सामर्थ्यलाई मानेर पूर्वाधार विकासको अवस्था र सम्भावना, आर्थिक अन्तरनिर्भरता र क्षमता, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमतालाई सामर्थ्यको सूचक मानेको थियो ।

| सरकारको तह | | |
|---|---|---|
| समग्र क्यानडा | | क्यानडाको क्री आदिवासी |
| श्रीपेचः महारानी | | महान पितृ |
| संघ | | अन्तरनिहित |
| संवैधानिक | प्रान्त | सदस्य । आदिवासी राष्ट्रको नागरिक |
| संविधान, ऐन कानून | | मुखिया र परिषद् |
| आदिवासी ऐन | नगरपालिका वा स्थानीय सरकार ऐन | विधायिकी |
| | | संविधान |
| | | बाह्य र आन्तरिक |
| बाह्य | | आन्तरिक |
| संघ | | संविधान - पाइप |
| प्रान्त | | सन्धि, लिखितम् |
| नगर | | प्रथाजन्य कानून |
| आदिवासी ऐन परिषद् | | परम्परागत कानून |
| सरकार तह | | कथ्य परम्परा |
| | | क्री आदिवासी कानून |
| | | प्राकृतिक कानून |
| | | नियम |
| | | सन्दर्भ समावेश |

स्रोतः मुखिया विल्टन लिटिल चाइल्ड र आन्द्रिया कार्मेन । Ermineskin Maskwacîs Cree Nation, Bear Hills Drum Group, International Indian Treaty Conference August 2005,


## प्रदेशहरूको सूची

राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति र राज्य पुनर्संरचना आयोगले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मानेर दिएको नाम र संख्याको सुझाव सकारात्मक छ, तर पर्याप्त छैन । पहिचानमा आधारित प्रदेश, स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र ठीक छ । तर कुन-कुन भन्ने सम्बन्धमा केही कमीकमजोरी छ भने कतिपय आदिवासी जनजातिका लागि पर्याप्त छैन । त्यसैले त्यसको सकारात्मक पाटोलाई स्वीकार गरेर त्यसमा भएका कमीकमजोरी हटाउनुपर्ने हुन्छ । आयोगको सिफारिशमा केही कमीकमजोरी हटाइएको छ भने केही कायमै राखिएको छ । सुनकोशीलाई हटाएजस्तै नारायणीलाई हटाउनुपर्ने हुन्छ । समितिले सिफारिश गरेको, तर आयोगले हटाएको शेर्पा र जडान प्रदेश कायम राख्न उपयुक्त हुन्छ । नामको हकमा लिम्बुवान, किरात वा खम्बुवान, ताम्सालिङ, शेर्पा, नेवाः, तमुवान, मगरात, जडान र थारूवान वा थरुहट उपयुक्त छ ।




स्रोतः पहिलो संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिको सिफारिश ।




स्रोत : पहिलो संविधानसभामा राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सिफारिश

## स्वायत्त क्षेत्रहरूको सूची

स्वायत्त क्षेत्रका सम्बन्धमा राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिले सिफारिश गरेको २३ आदिवासी जनजातिलाई व्यवस्था गरेको स्वायत्त क्षेत्र पर्याप्त छैन । यसलाई बढाएर ४९ बनाउनुपर्ने हुन्छ :

१) कोचिला, २) झाँगड/उराऊँ, ३) धिमाल, ४) मेचे, ५) सन्थाल, ६) लेप्चा, ७) याक्खा, ८) चेपाङ, ९) दुरा, १०) कुमाल, ११) दनुवार, १२) पहरी, १३) थामी, १४) माझी, १५) बराम, १६) थकाली, १७) छन्त्याल, १८) कौंइच-सुनुवार, १९) सुरेल, २०) जिरेल, २१) ह्योल्मो, २२) ब्यासी,२३) धानुक, २४) भुजेल, २५)राजवंशी, २६) गनगाई, २७) भोटे, २८) दराई, २९) ताजपुरिया, ३०) बोटे, ३१) किसान, ३२) राजी, ३३) हायु, ३४) वालुङ, ३५) मुण्डा, ३६) कुशवाडिया, ३७) ल्होमी, ३८) डोल्पो, ३९) ल्होपा, ४०) तोप्केगोला, ४१) तीनगाउँले, ४२) ताङवे, ४३) बाह्रगाउँले, ४४) मार्फाली, ४५) घले, ४६) मुगाल, ४७) सिङशवा, ४८) थुदाम र ४९) राउटे ।

## विशेष र संरक्षित क्षेत्रहरू

कुसुण्डा, वनकरियाजस्ता अत्यन्त कम जनसंख्या भएका आदिवासी जनजातिका लागि संरक्षित र विशेष क्षेत्रको व्यवस्था उपयुक्त छ ।

## भौगोलिक र गैरभौगोलिक प्रदेश

बेल्जीयममा क्षेत्रगत र गैरभौगोलिक दुवैको व्यवस्था छ। ३ वटा क्षेत्रगत प्रान्त छन्: १. फ्लान्डर क्षेत्र (उत्तरमा) (Flanders Region), २. वालोनिया क्षेत्र (दक्षिणमा) (Wallonia Region), ३. ब्रसेल्स-राजधानी क्षेत्र (Brussells-Capital Region) । ३ वटा सामाजिक-साँस्कृतिक समुदायलाई गैरभौगोलिक प्रान्त दिइएको छः ।

१. फ्लेमीश् (Flemish), २. वालुन्स (Waloons) फ्रान्कोफोनस् (Francophones), र ३. जर्मन्स (Germans) । नेपालमा पनि क्षेत्रगत र गैरभौगोलिक दुवैको व्यवस्था हुनु जरूरी छ । उदाहरणका लागि– मगर मगरातमा मात्र बस्दैन । मगरातमा बस्ने मगरका लागि मगरात क्षेत्रगत र नेपालभरि छरिएर बसेका मगरका लागि गैरभौगोलिक पनि सुनिश्चित गर्नुपर्दछ ।

प्रदेशको संख्या तथा सफलता र असफलता

संघीय असफलता र एकाईको संख्या १९९०–२००८ मा डा. क्याथरी एडनीले उल्लेख गरेअनुसार–

- संघीय राज्य २–३ भएका १६ संघीय मुलुकमध्ये १२ अर्थात् ७५ प्रतिशतमा विफल भएको छ ।
- संघीय राज्य ४–७ भएका १० संघीय मुलुकमध्ये ५ अर्थात् ५० प्रतिशतमा विफल भएको छ ।
- संघीय राज्य ८–१२ भएका ५ संघीय मुलुकमध्ये १ अर्थात् २० प्रतिशतमा विफल भएको छ ।
- संघीय राज्य १३ भन्दा बढी भएका १५ संघीय मुलुकमध्ये २ अर्थात् १३ प्रतिशतमा विफल भएको छ ।

नेपालमा विफलताको धेरै सम्भावना देखिन्छ ।

यो विश्व अनुभवलाई मध्यनजर राख्दा नेपाली कांग्रेस र नेकपा एमालेले भन्नेगरेको ५ देखि ७ वटा प्रदेश वा राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको भिन्न मतवालाले प्रस्ताव गरेको ६ प्रान्त विफल हुने सम्भावना बढी छ । राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको बहुमतले सिफारिश गरेको ११ प्रदेशको सपलताको प्रतिशत ८० छ भने राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिले गरेको १४ प्रान्तको सफलताको प्रतिशत ८७ देखिन्छ । यो अनुभवलाई दृष्टिगत गर्दा सबैभन्दा उत्तम राज्य पुनर्संचना तथा राज्य शक्ति बाँडफाँड समितिको १४ प्रदेशको सिफारिश र राज्य पुनर्संचना सुझाव उच्चस्तरीय आयोगको ११ प्रदेशको सिफारिश उत्तम देखिन्छ। अर्थात् सफलता पाउने अधिकतम सम्भावना देखिन्छ ।

## प्रान्तमा हुनुपर्ने शक्ति

आदिवासी जनजातिहरू संघीयताको प्रशासनिक विकेन्द्रीकरण, केन्द्रमा अधिक अधिकार, आत्मनिर्णयको अधिकारमा निषेधको विपक्षमा छन् । नेपालको लागि स्वीट्जरल्याण्डको संघीय संविधानमा भएका निम्नलिखित धाराहरू मननीय छन्–

स्वीस महासंघको संघीय संविधान (एप्रिल १८, १९९९ (अक्टोबर १५, २००२ सम्म संशोधन गरिएमुताबिक) को धारा ३ अनुसार, "प्रान्तहरू सार्वभौमसत्ता सम्पन्न छन् र संघीय संविधानले तिनीहरूको सार्वभौमसत्ता सीमित गरेको छैन । तिनीहरूले ती सबै अधिकारहरू प्रयोग गर्नेछन्, जुन महासंघमा हस्तान्तरण गरिएका छैनन् ।"

प्रान्तीय विधानहरूका सम्बन्धमा धारा ५१(१)मा "हरेक प्रान्तले एउटा प्रजातान्त्रिक संविधान अंगीकार गर्नेछ । उक्त प्रान्तीय संविधानलाई जनताले अनुमोदन गरेको हुनुपर्नेछ र त्यस्तो संविधान बहुसंख्यक जनताले आवश्यक ठहऱ्याएमा संशोधन गर्नैपर्ने हुनुपर्छ ।" र ५१(२) मा उल्लेख छ, "प्रान्तीय विधानहरूले स्वीस महासंघद्वारा प्रत्याभूति लिइएकै हुनुपर्नेछ । स्वीस महासंघले यदि ती विधानहरू संघीय कानूनको विपरीत नभएमा, त्यस्तो प्रत्याभूति प्रदान गर्नेछ ।"

संघीय कार्यपालिका संघको कार्यपालिका हुनुपर्दछ । एकजना आलंकारिक राष्ट्राध्यक्ष र एकजना उप-राष्ट्राध्यक्षको व्यवस्था हुनु पर्दछ ।

राष्ट्राध्यक्ष र उप-राष्ट्राध्यक्षले. स्वायत्त राज्यहरूको वर्णानुक्रमअनुसार पालो पाउनुपर्दछ। सबैलाई पालो पुग्न दुवैको पदावधि १ वर्षको मात्र हुनु पर्दछ।

पहिलो पटकका लागि राष्ट्राध्यक्ष महिला र उप-राष्ट्राध्यक्ष पुरुष हुनु पर्दछ। त्यसपछि दुवै पद महिला र पुरुषले पालै-पालो पाउनुपर्दछ। तर दुईमध्ये एक महिला र एक पुरुष हुनु पर्दछ ।

प्रधानमन्त्री र मन्त्रिपरिषद्मा सबै कार्यकारीणी शक्ति निहित हुनु पर्दछ । प्रधानमन्त्रीलाई नेपालका सबै जनताहरूले प्रत्यक्ष रूपमा

निर्वाचन गरेको हुनु पर्दछ ।

प्रत्येक स्वायत्त राज्यबाट एकजना पुरुष र एकजना महिला संघीय मन्त्री बन्ने व्यवस्था हुनु पर्दछ । संघीय मन्त्रिपरिषद्को कार्यकाल ३ वर्षभन्दा बढी हुनुहुँदैन ।

एकपटक प्रधानमन्त्री र मन्त्री भइसकेपछि अर्कोपटक हुन नपाउने, तर मन्त्रीको हकमा एकपटक प्रधानमन्त्री हुनपाउने व्यवस्था हुनु पर्दछ ।

## राज्य शक्तिको बाँडफाँड

संघीय शासन भनेकै संघ अर्थात् केन्द्र र प्रान्त वा राज्यबीच शक्तिको संवैधानिक बाँडफाँड हो । केन्द्रीकृत संघीयतामा केन्द्र वा संघलाई धेरै अधिकार हुन्छ भने वास्तविक अर्थको संघीयतामा प्रान्त वा राज्यलाई धेरै अधिकार हुन्छ ।

संविधानमा राज्यशक्तिको बाँडफाँड गर्दा जति प्रष्ट भयो, त्यत्ति राम्रो । कतिपयलाई लाग्नसक्छ– जाँड-रक्सीको बारे संविधानमा केही कुरा उल्लेख हुन सक्दैन । तर स्वीस महासंघको संघीय संविधान (एप्रिल १८, १९९९-अक्टोबर १५, २००२ सम्म संशोधन गरिएमुताबिक) को धारा १०५ मा उल्लेख छ, “स्रवित नशालु पेय पदार्थको उत्पादन, आयात, प्रशोधन, तथा बिक्रीसम्बन्धीको कानून एउटा संघीय विषय हो । स्वीस महासंघले, विशेषतः मदिरा सेवनको हानिकारक असर हरूलाई ध्यानमा राख्नेछ ।” त्यस्तैगरी जूवाका सम्बन्धमा धारा १०६ मा १ “जूवा तथा चिट्ठाहरू सम्बन्धीको कानून एउटा संघीय विषय हो ।”

संघ, प्रान्त वा राज्य, स्वायत्त क्षेत्र, विशेष र संरक्षित क्षेत्रको अधिकार निम्नानुसार हुनु उपयुक्त हुनेछ–

### संघको अधिकार

रक्षा, विदेश मामिला, मुद्रा, संघीय कर, संघीयस्तरको राष्ट्रिय सञ्चार, हवाई यातायात, रेलमार्ग, राजमार्ग, र दूरसञ्चार संघअन्तर्गत रहनसक्छ ।

### स्वायत्त राज्यको अधिकार

प्रान्त वा राज्यले आफ्नो संविधान आफैं बनाउने अधिकार छ । साथै संघको संविधान संशोधन गर्न प्रान्त वा राज्य र संघ दुवैको सहमति चाहिन्छ ।

- स्वायत्त राज्य पाउने आदिवासी जनजातिको अग्राधिकारसहितको अधिकार जमीन, स्वायत्त राज्यभित्रको पानी, वनजंगल, खानी, चरणलगायत, संघीय र साझा सूचीमा नभएका विषयहरू, उपस्वायत्त राज्यभित्रका कुराहरू ।
- स्वायत्त राज्यमा बसोवास गरेका सबै जातजातिको अधिकार

प्रहरी, स्थानीय सडक, क्लिनिक, प्राथमिक विद्यालय, मनोरञ्जन, सार्वजनिक स्वास्थ्य, ढल, स्थानीय साँस्कृतिक सवाल, आप्रवास, माध्यमिक विद्यालय, विश्वविद्यालय, पशु स्वास्थ्य, कपिराईट, अपराधीलाई कारबाही र सजाय, कानून, प्राचीन स्मारक, रीतिथिति, बन्दव्यापार, स्थानीय सरकार, निवृत्तिभरण, कृषि, पारपाचुके, बिजुली, अन्तरस्वायत्त राज्यबीचको सम्झौता, कम्पनीआदि स्वायत्त राज्यमा बसोवास गर्ने सबैको अधिकारमा पर्दछ ।

दुई वा दुईभन्दा बढी स्वायत्त राज्यहरूको अधिकार

जमीन– दुई वा दुईभन्दा बढी स्वायत्त राज्यका पानी जस्तै– खोला, ताल, आदि सम्बन्धित दुई वा दुईभन्दा बढी स्वायत्त राज्यहरूको अधिकार हो ।

### स्वायत्त क्षेत्रको अधिकार

स्वायत्त क्षेत्रभित्रका कुराहरू सबै स्वायत्त क्षेत्रको अधिकारअन्तर्गत पर्दछ ।

### विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार

विशेष क्षेत्र र संरक्षित क्षेत्रमा सम्बन्धित जातिकै स्वशासन हुनेछ । तर संघ र प्रान्त वा राज्यले आवश्यक आर्थिक सहयोग गर्नुपर्दछ ।

संघ र प्रान्त वा राज्यको साझा अधिकार

संघको संविधान संशोधन, संघ, प्रान्त वा राज्यको साझा अधिकार हो । भन्सार– अन्तरस्वायत्त राज्य, अन्तर्राष्ट्रिय सीमाना, दैवी प्रकोपमा उद्धार कार्य संघ र प्रान्त वा राज्यको साझा अधिकार हो ।

### व्यक्तिगत अधिकार

धर्म, धार्मिक कार्य र धर्म परिवर्तन व्यक्तिगत अधिकार हो ।

### वित्तीय पक्ष–

वित्तीय स्रोतहरू दुई प्रकारको हुन्छ– पहिलो, राष्ट्रभरको सरोकारका विषयहरू; जस्तै– सुरक्षा, परराष्ट्र आदि । दोस्रो, स्थानीय सरोकारका विषयहरू; जस्तै– बाटोघाटो, बाटोको बत्ती, दमकल आदि ।

राजस्व तथा स्रोतको संकलन र पुनर्वितरणको ढाँचाका सम्बन्धमा निम्नप्रकारको व्यवस्था हुनु पर्दछ–

- प्रत्येक स्वायत्त राज्यको वार्षिक कूल (ग्रस) राष्ट्रिय आय, वार्षिक खूद (नेट) राष्ट्रिय आय र वार्षिक प्रतिव्यक्ति आयको तथ्यांक संकलन गर्ने ।
- राज्यको खूद आयको निश्चित प्रतिशत राज्यले संघीय कर तिर्नुपर्ने ।
- प्रत्येक व्यक्तिले निश्चित प्रतिशतको संघीय कर, स्वायत्त राज्य कर र स्थानीय कर तिर्नुपर्ने ।
- राज्यको वार्षिक खूद राष्ट्रिय आयको तथ्यांकको आधारमा कमजोर राज्यलाई बढी आर्थिक र प्राविधिक सहयोग गर्नुपर्ने ।
-

### अन्तर स्वायत्त राज्यबीच न्यूनतम समझदारी

एउटा स्वायत्त राज्यले अर्को स्वायत्त राज्यका विरुद्ध निम्न काम गर्न नपाइने संवैधानिक सुनिश्चता गर्न आवश्यक छ–

- स्थल, जल, वा हवाइमार्गको प्रयोगमा निषेध गर्ने कुनै पनि कार्य ।
- खाद्यान्न, औषधि र दैनिक अति आवश्यकका वस्तुहरूमा नाकाबन्दी ।
- अर्काको स्वायत्त राज्यमा आतंककारी कार्य ।
- अर्काको स्वायत्त राज्यको अधिकारको हनन ।

### निर्वाचन प्रणाली

१. प्रत्येक आदिवासी जनजातिको प्राथजन्य छनौटको आधारमा प्रत्यक्ष प्रतिनिधित्व ।

२. जातीय जनसंख्या र लैंगिक आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली ।

- सां-लाग सूत्र (Sainte-Lague Formula)
- दे'ओन्ट सूत्रको ठूला दलको पृष्ठपोषणलाई न्यून गर्न दे'ओन्ट सूत्रमा केही परिवर्तन गरी तयार गरिएको सूत्रलाई सां-लाग सूत्र भनिन्छ ।
- यो सूत्रअनुसार दे'ओन्ट सूत्रमा प्रयोग गरिएको १, २, ३ आदि परिणाम विभाजक सूत्रको सट्टा बिजोड अंक, १, ३, ५ आदि परिणाम विभाजकसूत्रले भाग गरिन्छ । यो सूत्रले बढी समानुपातिक बनाउन मद्दत गर्दछ ।

## कार्यपालिका

कार्यपालिका संघीय र प्रान्तीय हुने–

संघको राष्ट्राध्यक्ष र उप-राष्ट्राध्यक्ष वा प्रधानमन्त्री र उपप्रधानमन्त्री स्वायत्त राज्यहरूको वर्णानुक्रमअनुसार पालै-पालो बन्न पाउनु पर्दछ । पहिलो पटकका लागि राष्ट्राध्यक्ष महिला र उप-राष्ट्राध्यक्ष पुरुष हुनु पर्दछ । त्यसपछि दुवै पद महिला र पुरुषले पालै-पालो गर्नुपर्दछ । तर दुईमध्ये एक महिला र एक पुरुष हुनु पर्दछ । प्रत्येक स्वायत्त राज्यबाट एकजना पुरुष र एकजना महिला संघीय मन्त्री बन्ने व्यवस्था हुनु पर्दछ । राष्ट्राध्यक्ष र प्रधानमन्त्री एकपटक मात्र हुनपाउने वा अर्कोपटक हुन नपाउने । तर उप-राष्ट्राध्यक्ष, उप-प्रधानमन्त्री र मन्त्रीको हकमा एकपटक माथिल्लो ओहदामा जानपाउने हुनु पर्दछ ।

एउटा जातिको एकपटक प्रान्तको राष्ट्राध्यक्ष र उप-राष्ट्राध्यक्ष वा प्रधानमन्त्री र उपप्रधानमन्त्री भइसकेपछि अन्य जातिको पालो नसकिएसम्म दोहोरिनु हुँदैन । पहिलो पटकका लागि प्रान्तको पनि राष्ट्राध्यक्ष महिला र उप-राष्ट्राध्यक्ष पुरुष हुनु पर्दछ । त्यसपछि दुवै पद महिला र पुरुषले पालै-पालो पाउनुपर्दछ । तर दुईमध्ये एक महिला र एक पुरुष हुनु पर्दछ । प्रत्येक जातिबाट एकजना पुरुष र एकजना महिला प्रान्तको मन्त्री बन्ने व्यवस्था हुनु पर्दछ । राष्ट्राध्यक्ष र प्रधानमन्त्री एकपटक मात्र हुनपाउने, तर उप-राष्ट्राध्यक्ष, उप-प्रधानमन्त्री र मन्त्रीको हकमा एकपटक माथिल्लो ओहदामा जानपाउने हुनु पर्दछ ।

## व्यवस्थापिका

संघीय व्यवस्थापिका दुई सदनात्मक हुनु पर्दछ । पहिलो सदन संघीय प्रतिनिधिसभा र दोस्रो सदन संघीय जातीयसभा हुनु पर्दछ ।

संघीय र प्रान्तीय प्रतिनिधिसभाको सदस्यहरूको निर्वाचन जातीय स्वायत्त राज्यको प्रतिनिधिसभाले आफ्ना सदस्यहरूमध्येबाट दुईजना महिला र दुईजना पुरुष सदस्यहरू निर्वाचन गरी पठाउनु पर्दछ । यसरी पठाउँदा एकजना महिला र एकजना पुरुष सदस्य जातीय स्वायत्त राज्य पाएका आदिवासी जनजातिबाट हुनुपर्ने र बाँकी दुईजना सदस्यहरू विभिन्न जातिको हुनुपर्ने छ । अन्य जातिको सदस्यको हकमा अर्कोपटक पठाउँदा दोहोरिन दिनुहुँदैन ।

संघीय र प्रान्तीय जातीयसभामा नेपाल/प्रान्तमा भएका प्रत्येक जातिको एकजना सम्बन्धित जातीय समुदायले प्रथाजन्य तरिकाले निर्वाचन गरी पठाउनु पर्दछ । एकजना मात्र भएकोले पुरुषमात्र हुनसक्ने भएकोले सदस्यको पदावधि निश्चित वर्ष राख्ने र एकपटक पुरुष प्रतिनिधि पठाएको जातिले अर्कोपटक महिला प्रतिनिधि पठाउनुपर्ने व्यवस्था हुनु पर्दछ ।

## न्यायपालिका

आधुनिक न्यायपालिका सबै नागरिकका लागि हुनेछ, भने आदिवासी जनजातिको प्रथाजन्य कानून सम्बन्धित आदिवासी जनजातिका लागि मात्र हुने छ ।

आधुनिक न्यापालिकामा न्यायाधीशहरू प्रत्येक मातृभाषा जान्ने हुनुपर्ने छ । प्रत्येक स्वायत्त राज्यबाट न्यायाधीशको लागि एकजना महिला र एकजना पुरुषको प्रतिनिधित्व हुनु पर्दछ । प्रधानन्यायाधीश पहिलोपटक महिला हुने र त्यसपछि महिला र पुरुष आलोपालो हुनुपर्ने छ । प्रत्येक न्यायाधीशले खस नेपाली जानेको भए स्वायत्त प्रदेश वा राज्यको कम्तीमा एउटा भाषा जानेको हुनु पर्दछ । भाषाका समस्या समाधान गर्न र परम्परागत न्यायलाई सम्मान गर्न संघीय न्यायलयमा भाषिक र परम्परागत न्यायसम्बन्धी एमिकस क्युरीको व्यवस्था गर्नुपर्दछ ।

प्रदेशमा दुई प्रकारको न्यायालय हुनु पर्दछ । एउटा आधुनिक र अर्को प्रथाजन्य । प्रथाजन्य न्यायलयले प्रारम्भिक न्याय प्रथाजन्य न्याय पद्धतिका आधारमा सम्पादन गर्नुपर्नेछ । प्रथाजन्य न्यायलयले सम्पादन गर्ने कार्य आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लगायतका आधारमा विश्वव्यापी मानवअधिकारको उल्लंघन नहुने गरी गर्न आवश्यक छ । ▭

**प्रस्तोताः डा. कृष्णबहादुर भट्टचन**

# संविधानमा मौलिक अधिकारः आदिवासी जनजातिका सरोकार

**पृष्ठभूमि**

पहिलो संविधानसभाले सहमति गरेका बुंदाहरूको स्वामित्व ग्रहण गर्दै, सहमति भई नसकेका बुंदाहरूमा 'संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति'बाट छलफल गरी आगामी २०७१, असोज १४ सम्ममा पहिलो मस्यौदा तयार गर्ने र सार्वजनिक सुझावको लागि मस्यौदालाई प्रस्तुत गर्ने कार्य योजना दोस्रो संविधानसभाले अगाडि सारेको छ । दोस्रो संविधानसभाको वर्तमान कार्यतालिका अनुसार आगामी माघ ८ गते संविधानको घोषणा गर्ने लक्ष्य रहेको छ। यसै सिलसिलामा हाल भएका पाँच समितिहरूमध्ये अभिलेख अध्ययन तथा विवाद निर्क्यौल समितिले सहमति नभएका विषयहरूलाई केलाएर संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएका विषयहरूलाई सहमति कायम गर्दै र सहमति कायम गर्न नसकेका विषयहरूलाई संविधानसभाको पूर्णसभामा पठाउने प्रक्रिया हाल जारी रहेको छ । तर संविधानसभामा भएको पछिल्लो बहशले कतिपय सहमति नभएका बुंदाहरू जस्ताको तस्तै कायमै रहेको देखाउँदछ । धेरैजसो सहमति नभइसकेका बुंदाहरू आदिवासी जनजातिको अधिकारसंग सम्बन्धित रहेको सन्दर्भमा यस लेखमा मौलिक अधिकार सम्बन्धी विषयमा हालसम्म उठेका छलफलहरूलाई समिक्षा गर्दै, आदिवासी जनजाति सरोकार र संशोधन प्रस्तावहरू प्रस्तुत गरिएका छन् । यी बुंदाहरू संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पुऱ्याउन, मस्यौदामाथि जनताको सुझावको रूपमा प्रस्तुत गर्न र संविधानसभामा आफ्ना विचारहरू राख्न सभासद्हरूको निमित्त मनन गर्नको लागि उपयोगी हुन सक्छ भन्ने आशा राखिएको छ ।

**मौलिक अधिकार**

मौलिक अधिकारको भाग कुनै पनि राज्यको संविधानको मुटु मानिन्छ। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको पहिलो धारा "सम्पूर्ण मानिसहरू जन्मैले स्वाभिमान र अधिकारको हिसाबले स्वतन्त्र र समान रहन्छन्"[१] भन्ने मान्यताको मर्मलाई संवैधानिक रूपमा सम्बोधन गर्ने काम मौलिक अधिकारको व्यवस्थाले गर्दछ। मौलिक अधिकारको व्यवस्थाले मुख्य रूपमा दुईवटा उद्देश्यहरू पूरा गर्दछ। पहिलो-मानवजीवन, स्वतन्त्रता, समानता, र स्वाभिमानको रक्षा गर्ने राज्यको दायित्वलाई निर्देशित गर्दछ । दोस्रो-राज्यबाटै नागरिकको अधिकारमाथि हस्तक्षेप हुन सक्ने सम्भावनाबाट राज्यलाई नियन्त्रित गर्दछ ।

मौलिक अधिकार र आधारभूत स्वतन्त्रतासम्बन्धी विषयमा नेपालका आदिवासीहरूको मुख्यतः तीन सरोकारहरू छन्। पहिलो-साँस्कृतिक अधिकार हो । यस अन्तर्गत उनीहरू सांस्कृतिक दमन र बाह्य प्रभुत्वको अन्त्य, आदिवासीहरू आफ्नो संस्कृति र पहिचानको पूर्णता चाहन्छन् । दोस्रो-राजनैतिक अधिकार हो । आदिवासी जनजातिहरू राज्यबाट उनीहरूको सार्वभौमिकताको मान्यता दिएको चाहन्छन् र स्वायत्तता तथा समानुपातिक समावेशीकरणको अभ्यासबाट राजनैतिक निर्णयमा भाग लिने अधिकारको सुरक्षा यस अन्तर्गत पर्दछ । तेस्रो-आर्थिक लक्ष्य हो । यस अन्तर्गत उनीहरू आफ्नो जमीन, प्राकृतिक स्रोतहरू र आन्तरिक अर्थ व्यवस्थामाथि नियन्त्रण सम्भव भएको चाहन्छन् र अन्तत्वगत्वा मुलुकको अन्य समूहहरूसरह आर्थिक स्तरमा समानता हासिल गर्न चाहेको देखिन्छ । आदिवासी जनजातिले उठाएका यी मुद्दाहरू धेरै हदसम्म सबै उत्पीडित समुदायहरू-दलित, मधेशी, महिला, मुस्लिम, तथा अन्य अल्पसंख्यक समुदायमा विगतमा भएका विभेदहरूलाई हटाउदै नेपालको लोकतन्त्रलाई सही अर्थमा संस्थागत गर्न अत्यन्तै महत्व राख्दछ ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा उल्लिखित ३१ वटा मौलिक अधिकारका धाराहरूमा माथिका सवालहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा केही हदसम्म सम्बोधन भएको पाइन्छ । मौलिक अधिकारका धाराहरूमा कानूनविद्हरू, मानव अधिकारकर्मीहरू, आदिवासी जनजाति संघसंस्थाहरूबाट समिक्षा भएको पाइन्छ । यी धाराहरूमा सबै नागरिकहरूलाई बराबरीको तहमा लागू हुने धेरैमा टिप्पणी नरहे तापनि करीब १८ वटा धाराहरू अन्तर्राष्ट्रिय कानूनहरू तथा उदारवादी लोकतन्त्रका सिद्धान्तहरूको आधारमा आदिवासी जनजातिको हक सुरक्षित गर्न वा उनीहरूको हकमा नकारात्मक प्रभाव पार्न सक्ने प्रावधानहरू हटाउन विविध कोणबाट टिप्पणी तथा सुझावहरू अगाडि सारेको देखिन्छ। तलको तालिकाले प्रस्तावित बुंदाहरूमा आदिवासी जनजाति दृष्टिकोणबाट आएका संशोधन प्रस्तावहरू र थप्नु पर्ने धाराहरू उल्लेख गरिएको छ ।

विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) महासन्धि नं. १६९, जैविक विविधतासम्बन्धि महासन्धि, १९९२ (Convention on Bio- diversity-CBD, 1992) आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, (युएनड्रीप) जैवीक विविधता सम्बन्धी महासन्धि लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको प्रावधानहरू समेतलाई दृष्टिगत गर्दा पहिलो संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदनमा सिफारिश गरेका धाराहरूमा केही महत्वपूर्ण प्रावधानहरू थप गर्नुपर्ने देखिन्छ।

1. Article 1. All human beings are born free and equal in dignity and rights. Universal Declaration of Human Rights.

त्यसैगरी छिमेकी राष्ट्रहरू-भारत र चीन लगायत आदिवासी जनजाति समुदायको जनसंख्या तुलनात्मक रूपमा घना भएका मुलुकहरूको संवैधानिक प्रावधानहरूको अध्ययनबाट पनि नेपालको नयाँ संविधानमा आदिवासी जनजाति अधिकार सुरक्षित गर्न महत्वपूर्ण प्रावधानहरू सान्दर्भिक देखिन्छ । उदाहरणको लागि भारतको संविधानले अनुसूची (५) मा भारतको विभिन्न प्रान्तमा बसोवास गर्ने र अनुसूची (६) ले उत्तर पूर्वी प्रान्तहरूमा बस्ने आदिवासीहरूको राजनैतिक स्वायत्तता, प्रतिनिधित्व, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार सम्बन्धी छुट्टै व्यवस्था गरेको छ । त्यसैगरी बोलिभियाको नयाँ संविधानमा मौलिक अधिकारको भागमा ३० वटा धाराहरूसहितको भागको व्यवस्था गरेको छ ।

**आदिवासी जनजाति समुदायको हक सम्बन्धी सरोकार र सुझाव**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले सिफारिश गरेको ३१ वटा बुंदा अन्तर्गत आदिवासी जनजाति अधिकार सम्बन्धी छुट्टै धाराको व्यवस्था गरेको छैन । महिला अधिकार, बालबालिका र दलित समुदायको अधिकार सम्बन्धी धारा (२३), (२४) र (२५) व्यवस्था गरी छुट्टै मौलिक अधिकारको भागमा हुनु सराहनीय रहेको छ । त्यसैगरी अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिले अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकारको धारा राख्नको लागि सिफारिश गरेको छ । तर यी दुवै समितिहरूले आदिवासी जनजाति अधिकारसम्बन्धी छुट्टै धाराको व्यवस्था नगर्नु मानवअधिकार संरक्षणको हिसाबले एउटा गहन खाडलको रूपमा लिन सकिन्छ । यो व्यवस्था नहुनाले नेपालका आदिवासी जनजाति समुदायमा व्यापक असन्तुष्टि र गुनासाहरू बढेको पाइन्छ । यसलाई सम्बोधन गर्न आदिवासी जनजाति आन्दोलनले उठाएका मागहरूको विश्लेषणबाट मौलिक अधिकारको भागमा “आदिवासी जनजातिको हक” व्यवस्था गर्नु अत्यन्तै आवश्यक देखिन्छ । नेपाल सरकारले नेपाल आदिवासी जनजाति महासंघ तथा यस विषयसंग सम्बन्धित विषयहरूमा गरेको सम्झौता र सहमतिहरू समेतलाई दृष्टिगत गर्दा “आदिवासी जनजातिको हक” को धारामा निम्न कुराहरू राख्न उपयुक्त देखिन्छः

(१) आदिवासी जनजातिहरूलाई आत्मनिर्णय, जातीय स्वशासन र स्वायत्तताको हक हुनेछ ।

(२) राज्यको सबै तहका निकायहरूमा जातीय जनसंख्याको आधारमा आदिवासी जनजातिहरूको समानुपातिक प्रतिनिधित्वको हक हुनेछ र प्रत्येक अति अल्पसंख्यक आदिवासी जनजाति समूहलाई विशेष प्रतिनिधित्व तथा पहुँचको हक हुनेछ ।

(३) आदिवासी जनजातिहरूलाई प्रभावित पार्ने निर्णय गर्ने कुनै पनि निकायहरूमा उनीहरूलाई आफ्नै परम्परागत पद्धति र संस्थामार्फत प्रतिनिधित्व गर्ने हक हुनेछ ।

(४) आदिवासी जनजातिहरूलाई आफ्नो परम्परागत पुर्ख्यौली भूमि, जल, जंगल र जमीन लगायतका प्राकृतिक स्रोतसाधनमाथि अग्राधिकार हुनेछ ।

(५) आदिवासी जनजातिहरूलाई आफ्नो पहिचान, आध्यात्मिकता, रीतिथिति, जीवनशैली, संस्था, ज्ञान, शीपको अभ्यास र स्व-व्यवस्थापन लगायत समग्र सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने र सम्वर्द्धन गर्ने सामुहिक एवं सामुदायिक हक हुनेछ ।

(६) आदिवासी जनजातिहरूलाई उनीहरूका परम्परागत भूमि, प्राकृतिक स्रोत तथा जैविक विविधतामा पहुँच, नियन्त्रण, स्व-व्यवस्थापन गर्ने तथा परम्परागत ज्ञान, शीप र अभ्यासको संरक्षण, सम्वर्द्धन तथा प्रयोग गर्ने एवं समन्यायिक लाभ प्राप्त गर्ने हक हुनेछ ।

(७) देशको सम्पूर्ण स्रोतसाधन र सेवाहरूमा आदिवासी जनजातिहरूको समानुपातिक पहुँचको हक हुने छ ।

(८) आदिवासी जनजातिहरूलाई आफ्नो मातृभाषा र लिपिमा निःशुल्क शिक्षा प्राप्त गर्ने, शिक्षण संस्था संचालन गर्ने, राज्यको सरकारी कामकाज तथा अड्डा अदालतमा आफ्नो मातृ भाषा प्रयोग गर्न पाउने, आफ्नो मातृभाषामा सूचना हासिल गर्न पाउने तथा आफ्नो परम्परागत (प्रथाजन्य) कानून एवं न्यायिक प्रणाली र न्यायिक संस्थागत संरचनाहरू कायम राख्ने तथा अभ्यास गर्ने हक हुनेछ ।

९) आदिवासी जनजातिहरूलाई आफ्नो भौतिक तथा अभौतिक साँस्कृतिक सम्पदाको संरक्षण गर्ने, आफ्नो परम्परागत संस्कृति, ज्ञान, शीप, कला, साहित्य, लोक परम्परा र सोसँग जोडिएर आउने बौद्धिक सम्पत्ति र सोको संरक्षण, सम्वर्द्धन, नियन्त्रण तथा अवलम्बन गर्ने हक हुनेछ ।

(१०) गैरआवासीय आदिवासी जनजातिहरूलाई उनीहरूले चाहेमा कानूनमा व्यवस्था भए बमोजिम दोहोरो नागरिकता प्राप्त गर्ने हक हुनेछ ।

आदिवासी जनजाति अधिकारसम्बन्धी छुट्टै धाराको व्यवस्था हुन नसकेको खण्डमा, मौलिक अधिकारको भागमा आदिवासी जनजाति अधिकारसम्बन्धी विभिन्न बुंदाहरू राख्न सकिन्छ । समितिले सिफारिश गरेको ३१ वटा बुंदा अन्तर्गत आदिवासी जनजाति अधिकारसम्बन्धी निम्न संशोधनको सुझावहरू पहिलो संविधानसभाको आदिवासी जनजाति सभासद् सभा (ककस) ले निम्न प्रस्तावहरू अगाडि सारेको छः

| धारा | पहिलो संविधानसभाको समितिले सिफारिश गरेको प्रस्ताव | आदिवासी जनजातिहरूको ककसको संशोधन सुझाव |
|---|---|---|
| १. सम्मानपूर्वक बाँच्न पाउने हक: | (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | (१) प्रत्येक व्यक्ति तथा समुदायलाई पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| | | (२) आदिवासी जनजातिलाई पहिचानसहित व्यक्तिगत र सामुहिक रूपमा बााच्न पाउने हक हुनेछ । |
| २. स्वतन्त्रताको हक: | (२) (ग) संघसंस्था खोल्ने स्वतन्त्रता | (२) (ग) प्रत्येक नागरिक तथा समुदायलाई संघसंस्था खोल्ने वा परम्परागत एवं प्रतिनिधिमूलक संघसंस्था संचालन गर्न पाउने स्वतन्त्रता हुनेछ: । |
| ३. समानताको हक: | (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन । | (१) सबै नागरिक र समुदाय कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन । |
| | (२) सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जातजाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति,भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | (२) सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जातजाति, लिङ्ग, यौनिक अभिमुखीकरण , शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति,पहिचान भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै प्रकारले भेदभाव गरिने छैन । |
| | तर आर्थिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पीछडिएका महिला,दलित, आदिवासी जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा,बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनमा विशेष व्यवस्था गर्न रोकलगाएको मानिने छैन । | तर आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक दृष्टिले पीछडिएका जातीय विविधतासहितको महिला,दलित, आदिवासी जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनमा नीति वा अन्य उपायद्वारा विशेष व्यवस्था गर्न रोकलगाएको मानिने छैन । |
| | (३) राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण, जातजाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था,वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । | (३) राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण, जातजाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था,पहिचान वा यस्तै अन्य कुनै आधारमा कुनै प्रकारले भेदभाव गर्ने छैन । |

| | | |
|---|---|---|
| | (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । | (४) समान कामका लागि पहिचान, उत्पत्ति, जातीय र लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| ४. आमसञ्चार सम्बन्धी हक: | | |
| ५. न्याय सम्बन्धी हक: | | (५) (१०) कुनै पनि व्यक्ति तथा समुदायको न्यायिक हक संरक्षित हुनेछ । आदिवासी जनजातिहरूलाई यस संविधान तथा अन्तर्राष्ट्रिय कानूनको मापदण्ड अनुरूप आफ्नो न्यायिक संस्था र प्रथाजनित कानूनको अभ्यास गर्ने हक हुनेछ । |
| | | न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायहरूको कार्यक्षेत्रमा आदिवासी जनजातिहरूको प्रथाजनित कानूनको अन्तर्राष्ट्रिय कानूनको मापदण्ड अनुरूप मान्यता हुनेछ । |
| ६. अपराधका पीडितको हक: | (१) अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान, तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । | (१) अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान, तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । |
| | | (३) मातृभाषी समुदायका पीडित र अभियुक्तलाई मातृभाषामा मुद्दाको अनुसन्धान, तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । |
| ७. यातना विरुद्धको हक: | | |
| ८. निवारक नजरबन्द विरुद्धको हक: | (८) (२) नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गंभीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यहरूलाई जानकारी दिइनेछ । | (८) (२) नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा फैलाउने मनसाययुक्त कार्यहरू गरी सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गंभीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यहरूलाई जानकारी दिइनेछ । |
| ९. छुवाछुत तथा भेदभाव विरुद्धको हक: | | |
| १०. सम्पत्ति सम्बन्धी हक: | (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ । | (१) प्रत्येक नागरिक, समूह वा समुदाय वा संगठित संस्था लाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ । |
| | तर सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्ति,संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम उचित क्षतिपूर्ति दिइनेछ । | तर सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्ति, समूह वा समुदाय वा संगठित संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम उचित क्षतिपूर्ति दिइनेछ । आदिवासी जनजातिले भोगीचर्ची आएका वा उनीहरूको पहुँचभित्र रहेका जग्गा जमीन भने राज्यले अधिकरण गर्दा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित सहमति लिनेछ । |

| | | |
|---|---|---|
| ११. धार्मिक स्वतन्त्रताको हक: | (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ। | (१) प्रत्येक व्यक्तिलाई तथा समुदायलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ। |
| | | (२) राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धार्मिक विभेद हुने वा देखिने कुनै पनि कार्य गर्ने छैन। |
| १२. सूचनाको हक: | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ। तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाइने छैन। | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ। तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाइने छैन। |
| | | (२) मातृभाषीहरूलाई सार्वजनिक सरोकार र महत्वका सूचना मातृभाषामा प्राप्त गर्ने हक हुनेछ। |
| १३. गोपनीयताको हक: | | |
| १४. शोषण विरुद्धको हक: | (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। | (१) प्रत्येक व्यक्ति तथा समुदायलाई शोषण विरुद्धको हक हुनेछ। |
| | (२) धर्म, प्रथा, परम्परा र प्रचलन वा अन्य कुनै आधारमा कुनै व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। | (२) प्रथा, परम्परा र प्रचलनको नाममा वा वर्ण, वर्ग,लिङ्ग, जाति, भाषा, धर्मको आधारमा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन। |
| १५. वातावरण सम्बन्धी हक: | (१) प्रत्येक व्यक्तिलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ। | (१) प्रत्येक व्यक्ति तथा समुदायलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ। |
| | (२) प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकूलनको हक हुनेछ। | (२) प्रत्येक व्यक्ति र समुदायलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकूलनको हक हुनेछ। |
| | | (३) आदिवासी जनजातिलाई आफ्नो भूमि तथा बसोवास क्षेत्रको वातावरण संरक्षण, सर्म्वद्धन, व्यवस्थापन, उपभोग र उपयोग गर्ने हक हुनेछ। |
| १६. शिक्षा सम्बन्धी हक: | (१) प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको हक हुनेछ। | १) प्रत्येक नागरिकलाई सबै तहको शिक्षामा पहुँचको हक हुनेछ। |
| | (४) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने, र संचालन गर्ने हक हुनेछ। | (४) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने, नियन्त्रण र संचालन गर्ने हक हुनेछ। |
| | | (७) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा सबै तहको शिक्षा पाउने हक हुनेछ। राज्यले यस हक प्रचलनको लागि प्रभावकारी व्यवस्था गर्नेछ। |
| | (२)विपन्न वर्ग र नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ। | (२)विपन्न वर्ग र समुदायका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ। |

| | | |
|---|---|---|
| १७. भाषा तथा संस्कृति सम्बन्धी हक: | | |
| १८. रोजगारी सम्बन्धी हक: | | |
| १९. श्रम सम्बन्धी हक: | | |
| २०. स्वास्थ्य सम्बन्धी हक: | | |
| २१. खाद्य सम्बन्धी हक: | | |
| २२. आवास सम्बन्धी हक: | | |
| २३. महिला सम्बन्धी हक: | (५) राज्य संयन्त्रका सबै निकायमा जातीय विविधतासहितको महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा समानुपातिक सहभागिताको हक हुनेछ । | (५) राज्य संयन्त्रका सबै निकायमा जातीय विविधतासहितको महिलाको जनसंख्याको आधारमा पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिताको हक हुनेछ । |
| | | यस्तो हकको प्रचलनमा आदिवासी जनजाति, दलित, मुस्लिम, तराईवासी/मधेशी र अत्यन्त पछाडि पारिएका महिलालाई प्राथमिकता दिइनेछ । आदिवासी जनजाति महिलाको पहिचानको हक हुनेछ । पहिचानको हकको संरक्षणका लागि राज्यले विशेष उपाय अपनाउने छ । |
| | | आदिवासी जनजाति महिलाले प्रथा, परम्परागत रूपमा प्राप्त गर्ने सम्पत्तिमा विशेष अधिकार रहनेछ । |
| २४. बालबालिका सम्बन्धी हक: | | |
| २५. दलित समुदाय सम्बन्धी हक: | | |
| २६. परिवार सम्बन्धी हक: | | |
| २७. सामाजिक न्यायको हक: | | |
| २८. सामाजिक सुरक्षा सम्बन्धी हक: विपन्न वर्ग, अशक्त, | | |
| २९. उपभोक्ताको हक: | | |
| ३०. देश निकाला विरुद्धको हक: | | |
| ३१. मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको | | |

*स्रोत: आदिवासी जनजाति सभासद् सभा (ककस)को सुझाव, संविधानसभा, २०६४*

माथिका संशोधन प्रस्तावहरू बाहेक संविधानसभा, २०६४ को आदिवासी जनजाति सभासद् सभा (ककस)ले आदिवासी अधिकार सम्बन्धी ५ वटा धाराहरू पनि थप्ने प्रस्ताव राखेको छ । पहिलो- आत्मनिर्णयको हक, दोस्रो- भूमि तथा प्राकृतिक स्रोतको हक, तेस्रो- आदिवासी ज्ञान र सम्पदाको हक, चौथो-आदिवासी जनजाति महिला अधिकार, पाँचौ-अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकार रहेको छ । उक्त धाराहरूमा निम्नलिखित प्रावधानहरूको पनि ककसले सिफारिश गरेको थियो ।

**मौलिक अधिकारको भागमा आदिवासी जनजाति अधिकारको लागि थप्नु पर्ने धाराहरूबारे सभासद् सभा (ककस)को सुझाव**

| धारा | उपधाराहरू |
|---|---|
| आत्मनिर्णयको हक | (१) आदिवासी जनजातिलाई आत्म-निर्णयको हक हुनेछ, । यसको आधारमा उनीहरूले स्वतन्त्रतापूर्वक राजनीतिक अवस्था निर्धारण गर्ने, आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने, आफ्नो परम्परागत भूमि तथा प्राकृतिक स्रोतको स्वामित्व, नियन्त्रण, प्रयोग, उपभोग र व्यवस्थापन गर्ने हक हुनेछ । |
| | (२) आदिवासी जनजातिले आत्मनिर्णयको हक स्वायत्तता र स्वशासनमार्फत अभ्यास गर्ने हक हुनेछ । |
| | (३) आदिवासी जनजातिलाई सबै क्षेत्र र तहका निर्णय गर्ने राज्यसंरचनामा जातीय जनसंख्याको आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको हक हुनेछ । राज्यले छुट्टै निर्वाचन क्षेत्र र प्रणालीलगायतका उपायद्वारा आदिवासी जनजातिलाई समान हैसियत र अधिकार उपभोग गर्ने व्यवस्था गर्नेछ । |

| | |
|---|---|
| | (४) आदिवासी जनजातिहरूलाई उनीहरूसंग सम्बन्धित र सरोकार रहने कानून निर्माण, संशोधन वा खारेज गर्दा , भूमि व्यवस्थापन, प्रशासनिक, नीतिगत तथा विकाससम्बन्धी कार्य गर्दा उनीहरूको परम्परागत तथा प्रतिनिधिमूलक संस्थामार्फत स्वतन्त्र  अग्रिम सुसूचित सहमतिको हक हुनेछ । |
| | (५) राज्यले स्वतन्त्र अग्रिम सुसूचित सहमति, सहभागिता र प्रतिनिधित्व  कार्यान्वयनको निम्ति आवश्यक कानून, नियम वा नीति बनाउने छ । |
| | स्पष्टीकरण: |
| | आदिवासी जनजाति भन्नाले भूमिसंग ऐतिहासिक सम्बन्ध भएका, हिन्दु वर्ण व्यवस्थाभित्र नपर्ने तथा वि.स. १९१० को मुलुकी ऐनमा मतवाली जनाइएका, राज्य संरचनाबाट बहिष्करणमा पारिएका तथा प्रभुत्वहीन अवस्थामा रहेका, आफ्नै विशिष्ट सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, विशेषता  भएका, आफ्नै आर्थिक प्रणाली भएका, मौलिक राजनीतिक प्रणाली, संस्था, प्रथा, परम्परा, प्रथाजनिक कानून, भएका, लिखित वा अलिखित इतिहास भएका र आत्मनिर्णयको अधिकार तथा जातीय स्वशासन एवं स्वायत्तताको अधिकार उपभोग गरी आएका र गर्न चाहने समुदायलाई जनाउँदछ । |
| भूमि तथा प्राकृतिक स्रोतको हक | आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमि, भूक्षेत्र  तथा प्राकृतिक स्रोतसाधनमाथि स्वामित्व, प्रयोग, उपभोग, व्यवस्थापन, संरक्षण र नियन्त्रणको हक हुनेछ । |
| आदिवासी ज्ञान र सम्पदाको हक | ४. आदिवासी जनजातिलाई आफ्नो  परम्परागत मौलिक कला, ज्ञान, शीप वा दक्षतालाई  बौद्धिक सम्पत्तिको रूपमा पञ्जीकरण गरी उपयोग, संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।  यस्तो हक अनतिक्रम्य हुनेछ । |
| | आदिवासी जनजातिलाई आफ्नो सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक र प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास गर्ने हक हुनेछ । यस्तो हक अनतिक्रम्य हुनेछ । |
| आदिवासी जनजाति महिला अधिकार | (१) आदिवासी जनजाति महिलाको पहिचानको अधिकार हुनेछ । उत्पत्ति तथा पहिचानको आधारमा कुनै पनि प्रकारको विभेद तथा शोषण विरुद्ध प्रभावकारी उपचारको हक हुनेछ । |
| | (२) आदिवासी जनजाति महिलाहरूको उत्थान, विकास र अधिकारको संरक्षणको लागि राज्यले कानून, नीति तथा कार्यक्रम वा विशेष उपायद्वारा संरक्षित गर्नेछ । |
| अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएकाको अधिकार | (१) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायका व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठित तथा अधिकारमा समान हुनेछन् । संविधान तथा कानून प्रदत्त हक/अधिकारको प्रचलनमा उनीहरूकाबीचमा राज्यले कुनै पनि किसिमको भेदभाव गर्ने छैन । |
| | स्पष्टिकरण: |
| | (क) अल्पसंख्यक भन्नाले देहायका विशेषता भएका जातीय, भाषिक र धार्मिक समूह वा समुदायलाई जनाउनेछ: |
| | (१) राज्यद्वारा सबैखाले विभेद र उत्पीडनमा पारिएका तथा राज्यसत्तामा पहुँच नभएका, |
| | (२) आफ्नो जातीय, भाषिक र धार्मिक विशेषता भएका, |
| | (३) पछिल्लो राष्ट्रिय जनगणना बमोजिम कायम कूल जनसंख्याको सापेक्षित रूपमा कम जनसंख्या भएका, |
| | (ख) सीमान्तकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, जातीय, धार्मिक, भाषिक वा लैङ्गिक वा यौनिक रूपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ र सो शव्दले अतिसीमान्तकृत एवं लोपोन्मुख समुदाय समेतलाई जनाउनेछ । |
| | (ग) बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ । |
| | (२) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो मौलिक पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| | (प्रतिवन्धात्मक वाक्यांश हटाउनु पर्ने) |
| | (३) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो धर्म, संस्कृति, भाषा वा लिपिको स्वतन्त्रतापूर्वक विना कुनै भेदभाव उपयोग, संरक्षण तथा सम्वर्द्धन गर्ने हक हुनेछ । |
| | (प्रतिवन्धात्मक वाक्यांश हटाउनु पर्ने) |
| | (४) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो मौलिक पहिचानको संरक्षण एवं सम्वर्द्धनको लागि संगठन स्थापना र संचालन गर्ने र कुनै समुदायमा बलजफ्ती आबद्ध हुन इन्कार गर्ने हक हुनेछ । |

| | |
|---|---|
| | (५) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदाय तथा अदिवासी जनजातिलाई आफ्नो परम्परागत मौलिक कला, ज्ञान, शीप वा दक्षतालाई आफ्नो समुदायको बौद्धिक सम्पत्तिको रूपमा पञ्जीकरण गरी उपयोग, संरक्षण र सम्वर्द्धन गर्ने र कसैले बिना स्वीकृति उपयोग गरे सोउपर रोक लगाउने वा उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ। |
| | (६) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायलाई आफ्नो मौलिक पहिचानसंग समानता भएको कुनै विदेशी समुदायसंग स्वतन्त्र एवं शान्तिपूर्ण रूपमा सम्बन्ध स्थापना गर्ने र सरिक हुने हक हुनेछ। |
| | (७) अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदाय र आदिवासी जनजातिलाई वैयक्तिक वा सामुहिक जुनसुकै रूपमा आफ्नो समुदायसंग सम्बन्धित अधिकारको उपभोग गर्न पाउने हक हुनेछ। |

स्रोतः आदिवासी जनजाति सभासद् सभा (ककस)को सुझाव, संविधानसभा, २०६४

**निष्कर्ष**

नेपालको सन्दर्भमा आदिवासी जनजातिहरूको संख्या कूल जनसंख्याको ३५ प्रतिशतभन्दा बढी रहेको र ऐतिहासिक रूपमा उनीहरूमाथि भएको उत्पीडनले गर्दा उनीहरूको जीविकोपार्जन, संस्कृति, राजनैतिक प्रतिनिधित्व र पहिचानमा आएको संकटको सन्दर्भमा आदिवासी जनजातिको हक सुरक्षित गर्न मौलिक हकको भागमा उनीहरूको लागि छुट्टै व्यवस्था गर्नु अत्यन्तै सान्दर्भिक देखिन्छ। विभिन्न मुलुकहरूको संवैधानिक प्रावधानहरू, विशेष गरी वर्तमान परिप्रेक्षमा हेर्दा केही कमजोरीहरू भए तापनि आधुनिक भारतको संविधानको अनुभवको अध्ययनले पनि नेपालले धेरै कुराहरू लिन सक्ने देखिन्छ। नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धहरूसंग पनि यो नेपालको दायित्व जोडिएर आएको देखिन्छ।

आदिवासी जनजाति अधिकार सम्बन्धी छुट्टै धाराको व्यवस्था हुन नसकेको खण्डमा यस सम्बन्धी प्रावधानहरूलाई प्रस्तावित धाराहरूमा र थप धाराहरूको व्यवस्था गर्न सकिने देखिन्छ। माथि छलफल गरिएका बुंदाहरू र विशेष गरी पहिलो संविधानसभाको आदिवासी जनजाति सभासद् सभा (ककस)ले जनजाति संघसंस्था, बौद्धिक समूह, अधिकारकर्मी लगायत संगको परामर्शबाट तयार गरेको सुझाव संविधान मस्यौदाको लागि उपयोगी हुने देखिन्छ। यी बुंदाहरूलाई संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पुऱ्याउन, मस्यौदामाथि जनताको सुझावको रूपमा प्रस्तुत गर्न र संविधानसभामा आफ्ना विचारहरू राख्न सभासद्हरूको निमित्त मनन गर्नको लागि निश्चय नै उपयोगी हुने देखिन्छ। □

**प्रस्तोताः डा. मुक्तसिंह तामाङ**

International Work Group for Indigenous Affairs (IWGIA)
Classensgade 11 E, DK 2100 Copenhagen, Denmark
Phone No. (+45) 35 27 05
Fax No. (+45_ 35 27 05 07
Email: iwgia@iwgia.com

**नेपालका आदिवासी जनजातिहरूको मानव अधिकारसम्बन्धि वकिल समूह (लाहुर्निप)**
घट्टेकुलो-अनामनगर, काठमाडौं फोन न ००९७७-०१-४७७०७१
पो.ब.नं. ११९७९, सुन्धारा काठमाडौं
**Email: lahurnip.nepal@gmail.com**
**Website: www.lahurnip.org**

International Work Group for Indigenous Affairs (IWGIA) **को सहयोगमा नेपालका आदिवासी जनजातिहरूको मानव अधिकारसम्बन्धि वकिल समूह (लाहुर्निप) द्वारा प्रकाशित/सम्पादित**
**ठेगानाः घट्टेकुलो अनामनगर, काठमाडौं फोन नं. ००९७७-०१-४७७०७१०**
**पो.ब.नं. ११९७९, सुन्धारा काठमाडौं**
**Email: lahurnip.nepal@gmail.com**
**Website: www.lahurnip.org**